श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४७।३।४ को निर्णयानुसार मिति २०४७।१।११ देखि लागू हुने गरी नेपाल इन्जिनियरिङ सेवा, सिभिल एभिएशन अपरेशन तथा इन्जिनियरिङ समूह, एभिएशन टेलिकम्यूनिकेशन मेन्टेनेन्स उपसमूहको राजपत्रांकित द्वितीय श्रेणी (सहायक सचिवस्तर) का देहायका अधिकृतहरूलाई सोही सेवा, समूह, उपसमूहको राजपत्रांकित द्वितीय श्रेणी (उपसचिवस्तर) को पदमा बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र.सं. | नाम, थर | साबिक पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री वासुदेवलाल राजभण्डारी | ब.ट.अ. हवाई विभाग | चिफ टेक्निकल अफिसर, पदसंकेत नं. पा।हा।वि।०६।५ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय । |
| २. | श्री अमृतमंगल जोशी | ब.टे.अ. | सिनियर टेक्निकल अफिसर, पदसंकेत नं. पा।हा।वि०६।१६ हवाई विभाग । |

आज्ञाले,
झुलेन्द्रमान प्रधान
सह-सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४७।१।२ को निर्णयानुसार जि.पं.स. शिक्षा शाखा, कैलालीका सहायक जिल्ला शिक्षा अधिकारी (नेपाल प्रशासन सेवा, राजपत्रांकित तृतीय श्रेणी) श्री हरिकृष्ण भट्टलाई गृह मन्त्रालय वा अन्तर्गतको राजपत्रांकित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ ।

आज्ञाले,
ठाकुरप्रसाद पाण्डे
उपसचिव

४०



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।